खाँडादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माकादुम,रामेछाप
३ नं.प्रदेश

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धमा

**प्रथम पटक प्रकाशित मितिः २०७५/६/२२**

खाँडादेवी गाउँ कार्यपालिकाको मिति २०७५/६/५ गतेको निर्णय अनुसार गाउँपालिकाको लागि केही प्राविधिक जनशक्ति आवश्यक परेको हुँदा तपशीलका पदहरुमा सेवा करारमा लिई काममा लगाउनुपर्ने भएकोले देहायको शर्तहरुको अधिनमा रही योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुको लागि दरखास्त आव्हान गरिएको छ।

**माग गरिएको पदहरु**

| क्र.सं. | विज्ञापन नं. | पद | श्रेणी | पद संख्या |
|---|---|---|---|---|
| १ | १/०७५/७६ | पशु चिकित्सक | रा.प.तृतीय | १ |
| २ | २/०७५/७६ | सूचना अधिकृत | रा.प.तृतीय | १ |
| ३ | ३/०७५/७६ | अमिन | रा.प.अनं.द्धितीय | १ |

**१. न्यूनतम शैक्षिक योगयताः**

(क) **पशु चिकित्सकको हकमाः** नेपाल सरकारको मान्यता प्राप्त शैक्षिक संस्थाबाट पशु चिकित्सा शास्त्रमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी भेटेरीनरी काउन्सीलमा दर्ता भएको हुनुपर्नेछ।

(ख) **सूचना अधिकृतको हकमाः** नेपाल सरकारको मान्यता प्राप्त शैक्षिक संस्थाबाट सूचना प्रविधिमा स्नातक (BIT,BIM,BBIS,BCA,BCIS, BEIT,Bsc.IT,Bsc.CSIT) वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ।

(ग) **अमिनको हकमाः** मान्यता प्राप्त शैक्षिक संस्थाबाट गणित विषय लिई एस.एल.सी./एस.ई.ई. वा सो सरह उत्तीर्ण गरी सर्भे वा Geometrics विषयमा कम्तीमा एक वर्षको तालिम प्राप्त गरेको हुनुपर्नेछ।

**२. परीक्षाको किसिमः** अन्तरवार्ता ( उम्मेदवार छनौट तथा सिफारिस समितिले तयार गरेको मापदण्डको आधारमा)

**३. आवेदन दिनुपर्ने अन्तिम मितिः** सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र।

**४. आवेदन बुझाउने स्थानः** खाँडादेवी गाउँकार्यपालिकाको कार्यालय, माकादुम, रामेछाप।

**५. आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :** शैक्षिक योग्यताको प्रमाण पत्र, नागरिकताको प्रमाण पत्र, अनुभवको प्रमाण पत्र, तथा अन्य आवश्यक कागजातहरुको प्रतिलिपी।

**६. परीक्षा दस्तुरः** (क) पशु चिकित्सकको हकमाः १०००/-
(ख) सूचना अधिकृतको हकमा : १०००/-
(ग) अमिनको हकमाः ५००/-

**७. दरखास्त दस्तुर बुझाउनेः** यस गाउँपालिकाको लक्ष्मी बैंक, गोगनपानी शाखामा रहेको संचित कोष खाता नं.०८५११०००००५८ मा जम्मा गरी सक्कलै भौचर फाराम साथ पेश गर्नुपर्नेछ।

**८. दरखास्त फाराम दर्ताः** लोक सेवा आयोगको ढाँचामा भरी गाउँ कार्यपालिकाको कार्यालय, माकादुम, रामेछापमा तोकिएको अवधि भित्र दरखास्त फाराम बुझाउनु पर्नेछ।

**१०. दरखास्त बुझाउने अन्तिम मितिः** अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगतै भोलिपल्ट कार्यालय समयमा।

**९.तलव तथा अन्य सुविधाः** नेपाल सरकार निजामती सेवाको समान पदले पाउने नयूनतम तलव तथा करार कर्मचारीले पाउने अन्य सुविधा।

**१०.काम गर्नुपर्ने स्थानः** खाँडादेवी गाउँपालिका वा अन्तर्गत।

**नोटः थप जानकारीको लागि सम्पर्क नं. -०४४-६९२०९८, ९८५४०४३७४०, ९८५४०४०१६८**

प्रमुख प्रशासकीय अधिकृत